## संघीय संसद

# राष्ट्रिय सभा

## (पहिलो अधिवेशनमा भए गरेका काम कारवाहीको संक्षिप्त विवरण)

१. २०७४ साल फागुन २१ गते राष्ट्रिय सभाको पहिलो अधिवेशनको पहिलो बैठक प्रारम्भ भई आज मिति २०७४ चैत्र २० गते सम्म जम्मा ३० दिन चालु रह्यो । जसमध्य ९ दिनमा १० पटक बैठक बसी जम्मा ७ घण्टा २० मिनेट संसदीय काम कारबाहीमा समय व्यतित गऱ्यो । साथै २०७४ साल चैत १५ गते संघीय संसदको संयुक्त सदनको एउटा बैठक बसी २० मिनेट समय व्यतित भयो ।

२. २०७४ साल फागुन २१ गते सोमवारको बैठकबाट राष्ट्रिय सभाबाट आफ्नो नियमावली जारी नभएसम्मको लागि "राष्ट्रिय सभाको अन्तरिम कार्यविधि, २०७४" सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. २०७४ साल फागुन २२ गतेको बैठकबाट ९ सदस्यीय राष्ट्रिय सभा नियमावली मस्यौदा समिति गठन भएको थियो । २०७४ साल चैत्र ४ गते आईतबारको बैठकबाट समितिमा रहने माननीय सदस्यहरु हेरफेर हुनुका साथै २०७४ साल चैत्र १३ गतेको बैठकबाट राष्ट्रिय सभा नियमावली मस्यौदा समितिको कार्यक्षेत्रमा सघीय संसदको संयुक्त बैठक र संयुक्त समिति नियमावलीको मस्यौदा गर्ने कार्य समेत थप गरियो ।

४. २०७४ साल फागुन ३० गते बुधवार बसेको बैठकबाट राष्ट्रिय सभाको अध्यक्ष पदमा माननीय श्री गणेश प्रसाद तिमिल्सीना निर्विरोध निर्वाचित हुनु भयो र मिति २०७४ साल चैत्र ४ गतेको बैठकबाट माननीय सदस्य श्री शशिकला दहाल राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित हुनु भयो ।

५. २०७४ चैत १५ गतेको बैठकमा सम्माननीय राष्ट्रपतिद्वारा संघीय संसदको पहिलो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन भयो ।

६. २०७४ साल चैत्र १६ गतेको बैठकबाट "राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७४", "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) अध्यादेश, २०७४" र आज मिति २०७४ चैत्र २० गतेको बैठकबाट "राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश, २०७४" स्वीकृत भएका छन ।

७. मिति २०७४ चैत्र १६ गतेको बैठकमा सम्माननीय राष्ट्रपतिद्वारा संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०७४ चैत्र १५ गते विहिवारका दिन गर्नुभएको सम्बोधन प्रति मा० श्री परशु राम मेघी गुरुङ्ग प्रस्तावक र मा० श्री रामनारायण विडारी समर्थक भई प्रस्तुत भएको धन्यबादको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

८. २०७४ साल चैत्र २ गतेको बैठकबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंमा बंगलादेशको ढाकाबाट काठमाडौं आएको यू.एस.वंगला एयरलाईन्स विमान दुर्घटनाका सम्बन्धमा विशेष प्रस्ताव र मिति २०७४ चैत्र १९ गतेको बैठकबाट पूर्व प्रतिनिधि सभा सदस्य खुमबहादुर खड्काको निधन भएकोमा शोक प्रस्ताव पारित भएको थियो ।

९. यसै अवधिमा सदनमा सम्माननीय प्रधानमन्त्रीले २ पटक र अर्थ मन्त्रीले १ पटक सम्बोधन गर्नु भयो ।